त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
प्राज्ञिक परिषद्को कार्यालय
OFFICE OF THE ACADEMIC COUNCIL

कीर्तिपुर, काठमाडौं, नेपाल
Kirtipur, Kathmandu, Nepal

In reply please refer to
च.नं.: १२९/०७९/०८०

Date/मिति: २०८०/०१/०३

श्रीमान् डीनज्यू
व्यवस्थापन संकाय
त्रि.वि. कीर्तिपुर ।

### विषयः- निर्णय पठाएको बारे ।

त्रि.वि. प्राज्ञिक परिषद स्थायी समितिको मिति २०७९ साल चैत्र २९ गते बसेको बैठकको निर्णय नं. १०५, ११०, १११, ११२, ११३, ११४ र ११५ सम्म त्यस संकायसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाएको व्यहोरा अनुरोध गर्दछु ।

निर्मला भण्डारी
नि.प्रमुख

**निर्णय नं. १०५**

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरूमा विद्यार्थीहरुको स्थानान्तरण सम्वन्धमा स्पष्ट नीति निर्धारण गर्नु पर्ने भएकोले सो सम्वन्धमा राय सुझाव पेश गर्न विद्यार्थी कल्याण तथा खेलकूद निर्देशनालयका निर्देशक प्रा. पशुपति अधिकारीको संयोजकत्वमा सहपरीक्षा नियन्त्रक १ र परीक्षा हेर्ने सहायक डीन १ जना सम्मिलित तीन सदस्यीय एक समिति गठन गर्न शिक्षाध्यक्षलाई निर्देशन दिने निर्णय भयो । साथै समितिवाट राय सुझाव प्राप्त भई निर्णय नहुन्जेलसम्मका लागि विद्यार्थीहरुको क्याम्पस स्थानान्तरण सम्वन्धमा पूर्व व्यवस्था (मिति २०७९/११/२८ भन्दा अगाडिको व्यवस्था) लाई नै निरन्तरता दिने तथा त्रि.वि. प्राज्ञिक परिषद्को मिति २०७९/११/२८ को निर्णय नं. ९९ स्थगित गर्ने निर्णय भयो ।

**निर्णय नं.११०**

व्यवस्थापन संकाय विद्यापरिषद् स्थायी समितिको मिति २०७९/११/२१ मा वसेको वैठकको निर्णय नं. १ वाट सिफारिस भई आए वमोजिम उक्त संकाय अन्तर्गत Bachelor of Business Administration (BBA), Bachelor of Business Management (BBM) र Bachelor of Information Management (BIM) कार्यक्रमको तेस्रो सत्रको परिमार्जित पाठ्यक्रमलाई स्वीकृति दिने निर्णय भयो ।

त्रि.वि. प्राज्ञिक परिषद्को मिति २०७९।११।२८ को निर्णयानुसार

**निर्णय नं. ९९**

त्रि.वि. परीक्षा सुधार तथा समन्वय परिषद्को मिति २०७९/११/२५ को वैठकको निर्णय नं. ३ वाट सिफारिस भई आए वमोजिम त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको स्थानान्तरणको लागि सम्वन्धित डीन कार्यालयको स्वीकृतिमा तपसिल अनुसार गर्न स्वीकृति दिने निर्णय भयो ।

(क) प्रथम र अन्तिम वर्ष/सेमेष्टरमा स्थानान्तरण गर्न नपाउने । तर आंगिक क्याम्पसहरूमा ऐक्षिक विषय छनौट र प्रयोगशालाको व्यवस्थापनका कारणले यस निर्णयले प्राविधिक समस्या उत्पन्न हुने भएमा अन्तिम वर्ष/सेमेष्टरमा स्थानान्तरण गर्न पाउने वा नपाउने सम्वन्धमा अन्तिम निर्णय गर्ने अधिकार सम्वन्धित डीनलाई हुनेछ ।

(ख) आंगिक क्याम्पसवाट आंगिक क्याम्पस र सम्वन्धन प्राप्त क्याम्पसवाट सम्वन्धन प्राप्त क्याम्पसमा मात्रै स्थानान्तरण गर्न पाइने ।

(ग) जुनसुकै अवस्थामा पनि आंगिक क्याम्पस वाहेक अन्य क्याम्पसहरूमा एउटै जिल्लाभित्र स्थानान्तरण गर्न नपाउने ।

(घ) यस व्यवस्था बाहेक अन्य ढंगले भए गरेका सबै स्थानान्तरण र नियम विपरित स्थानान्तरण भएका क्याम्पसवाट दिइएका परीक्षाहरु स्वत रद्द हुनेछन् ।

मिल्दो

Tel.: 4331969, Fax: 977-1-4331964, E-mail: academic.council@tu.edu.np, P.O.Box No. 8212